हरू समेत न्याय परिषद् ऐन, २०४७ को दफा ४क. को उपदफा (२), (३) र (४) बमोजिम कार्य क्षमताको अभाव, आफ्नो पदीय कर्तव्यको इमान्दारीपूर्वक पालन नगरेको र खराब आचरण समेत देखिएको हुँदा माथि उल्लिखित सम्पूर्ण विषयका अतिरिक्त निजले अदालतमा गरेका काम कारवाही र सोबाट परेको प्रभाव समेतको विषयमा जाँचबुझ गरी काम प्रारम्भ भएको मितिले दुई महिनाभित्र राय सहितको प्रतिवेदन पेश गर्न सोही ऐनको दफा ६ को उपदफा (१) बमोजिम न्याय परिषद्ले सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तपबहादुर मगरको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
जीवनहरि अधिकारी
सचिव

## नेपाल सरकार
## अर्थ मन्त्रालयका
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी बी. पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवनको लागि Varian Medical Systems, Hongkong बाट अमेरिकी डलर ३,१०४.७७ (तीन हजार एक सय चार र सेन्ट सतहत्तर) मूल्य बराबरको स्वास्थ्य उपकरण Assy PCB Kuypad Controller LH समेतका स्पेयर पार्टस्हरू आयातमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, मकवानपुरले भारतबाट खरिद गर्ने भा. रु. ४,९७,१११।- (चार लाख सन्तानब्बे हजार एक सय एघार) मूल्य बराबरको टाटा सुमो एम्बुलेन्स थान १ को आयातमा



३४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी राजस्व पूरै छूटदिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भई कार्यरत जावलाखेल, ललितपुरस्थित सुन्दर ढोका साथी सेवा नामक गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमका लागि Samaritan's Purse International Relief, USA बाट उपहार स्वरुपप्रदान गरिने अमेरिकी डलर ५,०००.०० (पाँच हजार) मूल्य बराबरको अपाङ्गहरूले प्रयोग गर्ने While Chair पाँच थान र यसको पार्टपूर्जा आयात गर्दा While Chair मा भन्सार महसुल पूर्ण रुपमा छूट हुने भएकोले While Chair को पाटपूर्जामा मात्र एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिबृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भई कार्यरत नेपाल नेत्रज्योति सङ्घ नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमको लागि Johns Hopkins University, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २४,७३२.०० (चौबीस हजार सात सय बत्तीस मूल्य बराबरको G 3300 Single Pot Stove थान १३७४ आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालका लागि Nepali Med Luxembourge a.s.b.l. बाट उपहार स्वरुप प्रदान गरिने यूरो ६४,५७६.३५ (चौसठ्ठी हजार पाँच सय छहत्तर र सेन्ट पैंतीस) मूल्य बराबरको Image 1 Camera Control Unit तथा Image 1 A3–3 Chip Camera Head समेतका स्वास्थ्य सामाग्री तथा Wienar Privatklinik,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Austria बाट उपहार स्वरुप प्रदान गरिने यूरो ४,२७७.०० (चार हजार दुई सय सतहत्तर) मूल्य बराबरको 20 Paar Krucken, 1 Schachtel Folioid rape समेतका स्वास्थ्य सामाग्रीहरू आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, जावलाखेल, ललितपुरका लागि Novartis Pharma AG, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने CHF १३,४४,०००.००(तेह्रलाख चौवालिस हजार) मूल्य बराबरको Glivec औषधिहरू आयातमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित मूल्य रु. ५।-
गो.मु.द.नं. १५।२०६२।६३

३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।